नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-४९

## "झुक्यानमा पारी बेचबिखन गर्ने उद्देश्यले एक नाबालिकालाई भारत लैजान खोज्ने पुरुष र महिला पक्राउ"

**जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (३०९)** लाई परिवारको कमजोर आर्थिक अवस्थाको फाइदा उठाई पोखराको होटलमा वेट्रेसको काममा लगाइदिने भनि प्रलोभन तथा झुक्यानमा पारी प्रहरीद्वारा चेकजाँचको क्रममा आफ्नो वास्तविक नाम,थर,ठेगाना नबताउनु अर्कै ब्यक्तिको नागरिकता प्रयोग गर्नु भनी सिकाई भारतमा लगि बेचबिखन गर्ने उद्देश्यले काठमाण्डौबाट मकवानपुर हुदैँ भारत तर्फ लैजान नाबालिका पीडितलाई जिल्ला काठमाण्डौ तारकेश्वर नगरपालिका वडा नं. ७ फुटुङस्थितबाट जिल्ला ललितपुर ललितपुर महानगरपालिका वडा नं. २७ सुनाकोठी पुर्याएको भन्ने गोप्य सूचनाको आधारमा मानब बेचबिखन अनुसन्धान ब्यूरो र प्रहरी बृत्त चापागाउँसँगको समन्वयमा खोजतलास गर्ने क्रममा मिति २०८१/०२/२६ गते जिल्ला ललितपुर ललितपुर महानगरपालिका वडा नं. २७ सुनाकोठीमा निज प्रतिवादीले पीडित नाबालिकालाई लैजादै गरेको अवस्थामा फेला पारी उद्दार गरिएको र उक्त कार्यमा संलग्न ब्यक्तिहरु मध्ये सम्बर बहादुर तामाङलाई सोही स्थानबाट पक्राउ गर्नुका साथै उक्त घटनामा संलग्न इन्दिरा कटुवाल (तामाङ) लाई मिति २०८१/०२/२७ गते जिल्ला काठमाण्डौ टोखा नगरपालिका वडा नं.२ स्थितबाट पक्राउ गरी **मानव बेचबिखन तथा ओसारपसार** मुद्दामा सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट दिन **५ (पाँच)** को म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भइरहेको ।

## पक्राउ परेको अभियुक्तहरुको विवरण :-



**नामः- सम्बर बहादुर तामाङ**

**उमेरः-** ३९ वर्ष

**वतनः-** जिल्ला नुवाकोट दुप्चेश्वर गाउँपालिका नं.६ स्थायी ठेगाना भई हाल जिल्ला काठमाण्डौ तारकेश्वर नगरपालिका वडा नं. ७ बस्ने



**नामः- इन्दिरा कटुवाल (तामाङ)**

**उमेरः-** ३३ वर्ष

**वतनः-** जिल्ला नुवाकोट तादी गाउँपालिका नं.२ स्थायी ठेगाना भई हाल जिल्ला काठमाण्डौ टोखा नगरपालिका वडा नं. २ बस्ने

## प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएका तथ्यहरु :-

- प्रतिवादीले पीडितको कमजोर आर्थिक अवस्थाको फाइदा उठाई निजको नजिकको नातेदारलाई प्रयोग गरी सम्झाइबुझाई गर्न लगाई बिश्वासमा पारेको,
- पोखरामा आफ्नै होटलमा वेट्रेसको काम छ, सुरुमा महिनाको २० हजार तलब दिने र पछि तलब बढाउदै लैजाने भनि प्रलोभन देखाएको,
- कोही कसैले सोधेमा आफ्नो वास्तविक नाम,थर,ठेगाना नबताउनु ब्यक्तिगत परिचय खुल्ने कागजात देखाउनु परेमा अर्कै ब्यक्तिको नागरिकता प्रयोग गर्नु भनी सिकाई विना तामाङ नामको नेपाली नागरिकताको प्रमाणपत्र दिई पीडित बसोबास गरिरहेको स्थानबाट जिल्ला ललितपुर ललितपुर महानगरपालिका वडा नं. २७ सुनाकोठीसम्म पुऱ्याएको,
- प्रतिवादीले पीडितलाई ललितपुरको चापागाउँ हुदै हेटौडा, हेटौडाबाट बिरगंज रक्सौल नाकाबाट भारतमा पुऱ्याई बेचबिखन गर्ने उद्देश्यले लैजान लागेको खुल्न आएको,
- प्रतिवादी रहेका सम्बर बहादुर तामाङ यसपूर्व पनि मानब बेचबिखन तथा ओसारपसार मुद्दामा पक्राउ परी १० बर्ष कैद सजाय भुक्तान गरी मिति २०८० साल बैशाख महिनामा थुनामुक्त भएको खुल्न आएको,
- निज सम्बर बहादुर तामाङको साथबाट दिनेश थकुरा तामागं नामको सक्कल भारतीय आधार कार्ड थान-१,भारतीय रुपैयाँ १३,९००/-,बिना तामाङको नामको सक्कल नेपाली नागरिकताको प्रमाण पत्र थान-१,नेपाली नगद रु.७,३१०/- ,निज सम्बर बहादुर तामाङको सक्कल नेपाली नागरिकताको प्रमाण पत्र थान-१ समेत बरामद भएको,
- प्रतिवादी सम्बर बहादुर तामाङले भारतमा वेश्यालय सञ्चालन गरी बस्ने एक महिलालाई निजको भारतीय नम्बरबाट खोलेको Whatsapp मार्फत पटक पटक सम्पर्क गरेको देखिएको,
- पीडितको उद्दार पश्चात् निजले दिएको जाहेरी दरखास्तको आधारमा यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको।

**मिति: २०८१/०२/२८ गते।**

**सूचना अधिकारी**
**(ज्ञानेन्द्र प्रसाद फुयाल)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर: ९८५१२९२२०२**